# ताप्ली गाउँपालिकाको न्यायिक समितिको

# आ.व. २०८१/८२ को वार्षिक प्रगती प्रतिवेदन

# ताप्ली गाउँपालिका

## न्यायिक समिति

रुपाटार, उदयपुर

# विषयसूची

१. पृष्ठभूमि

२. यस आ.व. मा न्यायिक समितिमा दर्ता भएका मुद्दाको संक्षेपमा प्रस्तुत

३. न्यायिक समितिको यस आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न भएका गतिविधिहरु

४. न्यायिक समितिको कार्यसम्पादनमा देखिएका चुनौती तथा समस्याहरु

५. समस्याको समाधानका लागी आवश्यक सुझावहरुः

६. प्रमुख उपलब्धिहरु

७. निष्कर्ष

# न्यायिक समितिको आ.व. २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन विवरण

## १. पृष्ठभूमि

नेपालको वर्तमान संविधानको धारा २१७ बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न प्रत्येक स्थानीय तहमा उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ भन्ने संवैधानिक व्यवस्था छ।त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ मा न्यायिक समितिको विवाद निरुपणका लागि क्षेत्राधिकारको सम्बन्धमा उल्लेख छ। यसरी माथि उल्लेखित नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकिए बमोजिम यस ताप्ली गाउँपालिकाको तत्कालीन निर्वाचन पश्चात उपाध्क्ष श्री धना माया मगरको संयोजकत्वमा श्री प्रेम मगराती र श्री प्रेमा सदस्य रहेको तिन सदस्यीय न्यायिक समितिको गठन भएको छ। यस ताप्ली गाउँपालिकामा न्यायिक समिति गठन भएदेखि नै कानूनले तोकेको अधिकार क्षेत्र र प्रकृया भित्र रहेर न्यायिक समितिले विभिन्न विषयमा न्याय निरुपण गर्दै आइरहेको छ। सो सम्बन्धमा यस ताप्ली गाउँपालिकामा न्यायिक समितिले यस आ.व २०८१/८२ मा गरेको क्रियाकलाप तथा न्याय निरुपणका विषयहरु देहाय बमोजिम रहेका छन्।

## २. यस आ.व. मा न्यायिक समितिमा दर्ता भएका मुद्दाको संक्षेपमा प्रस्तुत :-

| क्र.सं. | विवादको नाम | दर्ता मिति | दर्ता नं. | मिलापत्र/फैसला | मिलापत्र/फैसला भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ऋण रकम असुली सम्बन्धमा | २०८१/०५/०४ | ०१ | मिलापत्र भएको | २०८१ मंसिर २४ गते | रकम तिरेको |
| २ | सामान खरिद गरि रकम नतिरेको | २०८१/०६/०४ | ०२ | मिलापत्र भएको | २०८१ पुष १५ गते | रकम तिरेको |
| ३ | गाली बेईज्जती तथा हातपात सम्बन्धमा | २०८१/१०/२५ | ०३ | मिलापत्र भएको | २०८२ वैशाख १६ गते | माफि मागेको |
| ४ | सडकको भलपानी सम्बन्धमा | २०८२/०१/२१ | ०४ | फैसला भएको | २०८२ जेठ २१ गते | पक्षबिच छलफल गरिएको |
| ५ | पारिश्रमिक पाउँ सम्बन्धमा | २०८२/०२/०८ | ०५ | पारिश्रमिक फैसला भएको | २०८२ असार ३ गते | दुवै पक्ष विच छलफल गरिएको |

## ३. न्यायिक समितिको यस आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न भएका गतिविधिहरुः

- ५ वटै वडामा मेलमिलाप केन्द्र सञ्चालनमा रहेको,
- ०८१/८२ मा २२ जना मेलमिलापकर्ता न्यायिक समितिमा सूचीकृत भएका,
- मेलमिलापर्कताहरुका लागि क्षमता अभिवृद्धिका लागि पुर्नताजगी तालिमको सञ्चालन गरिएको,
- न्यायिक समिति तथा वडा स्तरिय मेलमिलाप केन्द्रको संयुक्त बैठक माघ २२ गते सम्पन्न,
- ताप्ली गाउँपालिका न्यायिक समितिमा दर्ता भएका जम्मा ५ वटा मुद्दाहरु मिलापत्र र निर्णयको माध्यमबाट निरुपण भएको,
- आ.व. २०८१/८२ मा देहायका मितिमा बैठकहरु सम्पन्न भएका छनः

| बैठक संख्या | बैठक सम्पन्न मिति |
|---|---|
| १ | २०८१/०५/०१ गते |
| २ | २०८१/०६/०६ गते |
| ३ | २०८१/०७/२४ गते |
| ४ | २०८१/०८/११ गते |

| | |
|---|---|
| ५ | २०८१/०९/१४ गते |
| ६ | २०८१/१०/१४ गते |
| ७ | २०८१/११/२८ गते |
| ८ | २०८१/१२/२१ गते |
| ९ | २०८२/०१/११ गते |
| १० | २०८२/०१/२० गते |
| ११ | २०८२/०२/२८ गते |
| १२ | २०८२/०३/०५ गते |

जम्मा बैठक =१२ वटा मात्र।

- वडा स्तरिय मेलमिलाप केन्द्रको नियमित बैठक सञ्चालन गरिएको,
- ५ वटै मेलमिलाप केन्द्रका लागि न्यायिक कार्य सम्पादनसँग सम्बन्धित बैठक पुस्तिका, मुद्दा दर्ता किताब, मुद्दा फछ्र्यौट किताब लगायत विविध फारमहरु वितरण,
- ५ वटै वडाका वडा सचिव र मेलमिलाप केन्द्रका संयोजकका लागि अभिलेखीकरण सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न,

- स्थानीय रुपमा मेलमिलापको तालिम प्राप्त मेलमिलापकर्ताहरुलाई न्यायिक समितिमा सूचीकृत गराई न्याय निरुपणको कार्य न्यायिक समिति र वडागत रुपमा रहेका मेलमिलाप केन्द्रमा विवाद समाधान भएको,
- महिला हिंसा न्यूनीकरण, मानव अधिकार प्रवर्धन लगायतका सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको।

## ४. न्यायिक समितिको कार्यसम्पादनमा देखिएका चुनौती तथा समस्याहरुः

- मुद्दाका पक्षहरुलाई न्यायिक समिति समक्ष उपस्थित गराउने प्रकृया र माध्यममा समस्या,
- मेलमिलापकर्तामा आवश्यक कानूनी ज्ञानको अभाव,
- न्यायिक समितिको व्यस्थापनका लागि पर्याप्त मात्रामा बजेटको अभाव,
- न्यायिक समितिको सचिवालय, इजलास र मेलमिलाप केन्द्रमा उचित व्यवस्थापन नहुनु,
- कतिपय मेलमिलाप गर्नुपर्ने विवादहरु मेलमिलापबाट समाधानमा पुग्न नसकिनु,
- प्रतिवादीहरु जिल्ला बाहिर वा पालिका बाहिर भएमा सम्पर्क गरी झिकाउन कठिन,
- मेलमिलापकर्ताको व्यवस्थित तवरले परिचालन गर्न नसकिनु,
- वडा स्तरिय मेलमिलाप केन्द्रमा व्यवस्थापकीय पक्ष अत्यन्त कमजोर देखिनु,
- अन्य सरकारी तथा गैरसरकारी निकायहरुसँग उचित रुपमा समन्वय नहुनु, आदि।

## ५. समस्याको समाधानका लागी आवश्यक सुझावहरुः

- मेलमिलापको बारेमा ग्रामिण भेगमा समेत सचेतना वृद्धि गर्नुपर्ने,
- मेलमिलाप केन्द्र र न्यायिक समितिबाट भएको मेलमिलापको सहमति कार्यान्वयन गर्न छुट्टै संयन्त्रको व्यवस्थापन गर्नुपर्ने,
- हरेक वडामा मेलमिलाप केन्द्रमा पर्याप्त मात्रामा भौतिक पूर्वाधारको (फर्निचर, स्टेशनरि लगायत) व्यवस्थापन गर्नुपर्ने,
- मेलमिलापकर्ताले पाउने सेवा सुविधाको सुनिश्चितता गरि मेलमिलाप केन्द्रबाट नै मुद्दा वा विवादको मिलापत्र गराउने,
- न्यायिक समितिको सचिवालयको स्थापना, इजलास र मेलमिलाप केन्द्र का लागि गाउँपालिकाको आगामी आ.व. मा पर्याप्त मात्रामा बजेटको व्यवस्था गर्नुपर्ने,
- न्यायिक समितिका हरेक क्रियाकलाप, कार्यसम्पादन, मिलापत्र र न्याय निरुपणको जानकारी गाउँपालिकाको वेवसाइटमा राख्नुपर्ने,
- अन्य निकायहरुसँग सहकार्य र समन्वय गर्नुपर्ने,
- न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको अन्य स्थानीय तहमा अध्ययन अवलोकन भ्रमण कार्य सञ्चालन गर्ने, आादि।

## ६. प्रमुख उपलब्धिहरुः

- सहजीकरणद्वारा विवादको समाधान।
- शिष्ट र सभ्य व्यवहारको प्रयोगबाट विवाद समाधानमा सहजता।
- मेलमिलापको सिपबाट छलफल गर्दा विवाद समाधानमा सहजता।
- व्यवहार र नैतिकतासँगै प्राकृतिक न्यायको सिद्धान्तको आत्मसात ।
- पक्षहरु हकदैया, हदम्याद र क्षेत्राधिकारको बारेमा प्रष्ट।

- पक्षहरुसँग अलग अलग तथा सँगसँगै भेटघाट र छलफल बाट विवादको अध्ययनमा सहजीकरण। इत्यादी।

## ७. निष्कर्ष :

समग्रमा न्यायिक समिति मार्फत यस ताप्ली गाउँपालिकामा न्याय सम्पादन कार्य सनतोषजनक रुपमा भएको पाइन्छ। प्रायः जसो मुद्दा तथा विवादहरु मेलमिलापको माध्यमबाट फस्यौंट भएका छन् जसबाट समितिले गर्ने न्याय सम्पादनबाट गाउँपालिका बासीको न्यायिक समिति प्रति जनविश्वास र भरोसा बढ्दै गईरहेको छ। न्यायिक समिति तथा उजुरी प्रशासनको सयुक्त प्रयासमा २ दिने मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि तालिमको समेत व्यवस्था गरिएको छ। न्याय सम्पादनका सिलसिलामा देखापरेका केहि चुनौती तथा समस्याहरुको यथोचित रुपमा यस समितिले समाधान गर्नेछ। आगामी दिनहरुमा समितिको कार्यलाई प्रभावकारी बनाउन वडास्तरमा न्यायिक सचेतनामूलक कार्यक्रम सञ्चालन गरि न्यायको पहुँच सुनिश्चतित गर्नेछ।

<u>प्रतिवेदक</u>

**ईश्वर ज्यू ठकूरी**
**उजुरी प्रशासक**
**ताप्ली गाउँपालिका कार्यालय, उदयपुर**